# स्थानीय राजपत्र

टीकापुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड (१) कैलाली , श्रावण २३ गते , २०७५ साल (संख्या ८ )

## भाग -३

**स्थानीय सरकार संचालन ऐन ,२०७५ को दफा १०२ को उप दफा (२) बमोजिम टीकापुर नगर कार्यपालिका ले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्ब साधारणको जानकारीका लागि प्रकाशन गरिएको छ |**

## "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ *(परिमार्जित )*

स्वीकृत मिति : २०७५/०३/१७
संशोधन मिति : २०७५/०४/२२

**प्रस्तावना :**

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी टीकापुर नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**(१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

स्थानीय राजपत्र

**(२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस टीकापुर नगरपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा प्रमुख प्रशासकिय अधिकृत संयोजक सिभिल ईन्जिनीयर सदस्य र प्रशासन शाखा सदस्य सचिव भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी, फर्म / कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम नगरपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ र इजाजतपत्र तथा सोको नवीकरणको अभिलेख अनुसूची–३ (क) बमोजिमको रजिष्टर खडा गरी राखिने छ ।

**(३) इजाजतपत्रको अवधि र नवीकरण** :

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित नगरपालिकावाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची –६ बमोजिमको ढाँचाको निवेदन सहित अनुसूची-४ वमोजिमको पासवुक अनिवार्य रुपमा भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुने छैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरी दिनेछ ।

**माथी जुनसुकै कुरा उल्लेख भएतापनि आ.व. ०७४/०७५ को हकमा २०७४ चैत्र मसान्त सम्म पनि नविकरण हुन नसकेका फर्महरुको अध्ययन गरी कार्यपालिकाले नविकरण दस्तुरको तेब्बर दस्तुर लिई एक पटकका लागी २०७५ श्रावण मसान्त भित्र नवीकरण गरी दिन सक्नेछ ।**

**(४) इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्दे्श्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**(५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**
कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**(६) इजाजतपत्रको नामसारी, ठाउँसारी, ठेगाना परिवर्तन र नाम परिवर्तन :**

**(१) इजाजतपत्रको नामसारी :–** कुनै निर्माण व्यवसायीको नाममा दर्ता भएको इजाजतपत्र निजले अन्य कुनै व्यक्ति वा निर्माण व्यवसायीको नाममा आफ्नो नामको हक हस्तानान्तरणका लागी नामसारी गर्न चाहेको खण्डमा आवश्यक कागजात सहित दुवै पक्ष घरेलु तथा साना उद्योग कार्यालयमा उपस्थित भै कार्यालयले आवश्यक प्रक्रिया पुरा गरी नामसारी संशोधन उल्लेख गरिएको निर्णय सिफारिस कागजातका साथै आन्तरिक राजश्व कार्यालय बाट प्राप्त काजजातहरु सहित पेश गरी इजाजतपत्र प्राप्त लिने दिने दुवै पक्ष उपस्थित भएमा कार्यालय प्रमुखले आवश्यक अध्ययनका आधारमा इजाजतपत्रको नामसारी गर्न सक्नेछ ।

(२) **इजाजतपत्रको ठाउँसारी** : कुनै निर्माण व्यवसायीको नाममा दर्ता भएको इजाजतपत्रमा उल्लेख भएको स्थान वा ठेगाना परिवर्तन गर्न चाहेको खण्डमा सम्बन्धित व्यक्ति स्वंयम उपस्थित भै जुन स्थान वा ठेगानामा सार्न चाहेको हो उक्त स्थानीय तहको सहमती पत्र र घरेलु तथा साना उद्योग कार्यालयको ठाउँसारी संशोधन उल्लेख गरिएको प्रमाण सहित निवेदन पेश भई आएमा कार्यालय प्रमुखले आवश्यक ठानी इजाजतपत्रको ठाउँसारी दिन सक्नेछ ।

(**३**) **नाम परिवर्तन :** कुनै निर्माण व्यवसायी फर्मको वा ब्यक्तिको नाम परिवर्तन गर्नुपर्ने आवश्यक भएमा इजाजतपत्र प्राप्त व्यक्ति वा प्रो. स्वयंम उपस्थित भै घरेलु तथा साना उद्योग कार्यालयको नाम परिवर्तन सिफारिश सहित पेश भै आएमा कार्यालय प्रमुखले आवश्यक अध्ययन गरी नाम परिवर्त गरिदिन सक्नेछ ।

**(७) प्रचलित कानून बमोजिम हुने :**
यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(८) संसोधन तथा हेरफेर :
यस कार्यविधिमा संशोधन र हेरफेर गर्ने अधिकार नगरपालिकामा निहित रहनेछ ।

**७) बचाउः**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

अनुसूची - १

कार्यविधि को दफा २ को उपदफा (१) संग सम्बन्धित

ईजाजतपत्रको लागि दिईने दरखास्त

दरखास्त वालाको फोटो

विषय : इजाजतपत्र पाऊँ।

श्री टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
.टीकपुर , कैलाली

यस टीकापुर नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७५ वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-

नाम :-

ठेगाना :-

पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति

| | | | |
|---|---|---|---|
| | प्राईभेट लिमिटेड कम्पनी | | पब्लिक लिमिटेड कम्पनी |
| | एकलौटी | | साझेदारी |

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम थर :-

ठेगाना :- पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता नं. :- दर्ता मिति :-

अधिकृत पूजी :- जारी पूजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्ग :- ( घ ) वर्ग

६. समूहीकरण हुन चाहेको समूह :-

७. आर्थिक श्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था । बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ।

८. कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

.(ग) अन्य :-

प्राविधिक कर्मचारी को Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ।

स्थानीय राजपत्र

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था ( प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको,-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फाराम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

स्थानीय राजपत्र

अनुसूची - २

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित

| क.सं. | निर्माण व्यवसायी को वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| १ | **घ** | | | | |

द्रष्टव्य : उपरोक्त दस्तुरको हकमा हरेक बर्षका लागि नगर सभाले तोके बमोजिम लिइने र घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५, वमोजिमका दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउदा ईजाजतपत्र नवीकरण वापत तोकिएको दस्तुरको दोब्बर दस्तुर तिर्नुपर्ने छ।

स्थानीय राजपत्र

अनुसूची - ३

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित

**इजाजतपत्र**

ईजाजतपत्र नं.................... मिति :- ....................

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर , कैलाली

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ............स्थित कार्यालय भएको ...................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

ईजाजतपत्र दिनेको,-
दस्तखत :-
नाम :-
पद :-
मिति :-
कार्यालय :-

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने

**नविकरण :**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

स्थानीय राजपत्र

अनुसूची ३ (क)
कार्यविधि को दफा २ को उपदफा (४) सँग सम्वन्धित

**टीकापुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**टीकापुर, कैलाली**

**"घ" वर्गको निर्माण ब्यवसायीका इजाजतपत्र तथा सोको नवीकरण सम्बन्धी अभिलेख :**

*सम्बन्धित प्रोपाईटरको फोटो*

१.फर्म वा कम्पनीको नामः
२. इजाजतपत्र नं.:

| क्र.सं. | ईजाजत लिएको मिति | नविकरण मिति | म्याद पुग्ने मिति | प्रमाणित गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

स्थानीय राजपत्र

अनुसुची -४

निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासवुक)

| क.सं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय: | क) Variation पछिको ContractAmount | क)सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ........................ | ......................... | | | ......................... | ........................ | |
| | | | | | ख)सम्झौता मिति : | ख)पद : | क) नाम : | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम : | ख)सम्पन्न मिति : | ख)सम्पन्न मिति : | |
| | | | | | ................. | ................. | ......................... | ........................ | ......................... | ........................ | |
| | | | | | ग)ठेक्का अवधि | ग)हस्ताक्षर | ख)पद : | ख)पद : | ग) सम्पन्न % | | |
| | | | | | .................... | ................... | ................. | ................. | .................. | | |
| | | | | | | घ)छाप | ग)हस्ताक्षर | ग)हस्ताक्षर | घ)नाम : | घ)नाम : | |
| | | | | | | ................... | ................... | ................... | ............... | ............... | |
| | | | | | | | घ)निर्णय मिति: | घ)छाप | पद : | पद : | |
| | | | | | | | | | .................. | .................. | |
| | | | | | | | छाप | ................... | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | ................... | | ................... | ................... | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | ................... | ................... | |

स्थानीय राजपत्र

अनुसुची-५

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

**१. आर्थिक क्षमता :** प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

**२. मुख्य जनशक्ति विवरण :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :
(क) ट्रिपर /टयाक्टर (एक/एक थान)
(ख) मिक्सर (एक थान)
(ग) Theodolite/Level Machine (एक सेट)
(घ) वाटर पम्प (तीन थान)
(ङ) भाइब्रेटर (तीन थान)

***द्रष्टव्य :***
१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

स्थानीय राजपत्र

अनुसुची-६

(कार्यविधिको दफा ३ को उपदफा (२) सँग सम्वन्धित)

**ईजाजत पत्र नविकरणको लागि दिईने दरखास्त**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली ।

**विषय :- ईजाजत पत्र नवीकरण गरि पाउँ वारे ।**

निर्माण व्यवसाय संचालन गर्ने ईजाजत पत्र नविकरण गर्नको लागी देहाय बमोजिमको विवरणहरु खुलाई कार्यविधिको दफा ३ को उपदफा (२) वमोजिम यो दरखास्त पेश गरेको छु ।

**१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को,-**

(क) नाम :- (ख) ठेगाना :-
(ग) पोष्ट बक्स :- (घ) टेलिफोन नं. :-
(ङ) फ्याक्स नं. :- (च) ईमेल :-

**२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको :-**

(क) नाम :- (ख) ठेगाना :-

**३. निर्माण व्यवसायीको :-**

(क) प्रमाण पत्र नं. :- (ख) दर्ता मिति :-

४ **(क) ईजाजत पत्र नं. :** (ख) ईजाजत पत्र जारी भएको मिति :-
(ग) ) ईजाजत पत्र जारी गर्ने कार्यालय :-

५. (क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं. :- (ख) नवीकरण मिति :-

६. ईजाजत पत्र नवीकरण दस्तुर । थप दस्तुर वापत रु.....................अक्षरेपी ................................जम्मा गरेको ................................बैंकको सक्कल भौचर/कार्यालयमा जम्मा गरेको नगदी रसिद यसै साथ संलग्न छ ।
७. यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण वयहोरा ठीक साँचो छ । झुठा ठहरे कानून बमोजिम सहुला वुझाउँला

**निर्माण व्यवसायीको छाप :-**

**निवेदक निर्माण व्यवसायीको तर्फ वाट दरखास्त दिनेको :-**
**नाम :-**
**ठेगाना :**
**दस्तखत :**
**मिति :**

**संलग्न कागजात :**

१. घरेलु तथा साना उद्योग कार्यालयको सिफारिश ।
२. इजाजतपत्रको प्रमाणपत्र ।
३ आन्तरिक राजश्व कार्यालयको सिफारिश ,कर तिरेको रसिद ।
४.कार्यविधिको अनुसूची-२ बमोजिमको चालु आ.व.को दस्तुर तिरेको नगदी रसिदको प्रमाण ।
५. कार्यविधिको अनुसूची-४ बमोजिमको पासबुक भरी पेश गर्नुपर्ने ।
६.अन्य भए खुलाउने ।

स्थानीय राजपत्र